# इनरुवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प.स. ०७५।०७६
च.न ५२२

मिति: २०७५।६।२९ गते

**खेलकुद कार्यक्रम संचालन सम्बन्धमा**

प्रस्तुत सन्दर्भमा यस इनरुवा नगरपालिका मुख्य प्रायोजकको रुपमा रही इनरुवा खेल मैदानमा (जेल फिल्ड) देशमै पहिलो पटक रात्रीकालिन क्रिकेट प्रतियोगिता आयोजना गरि भव्य र सभ्य रुपमा सम्पन्न गरेको व्यहोरा जानकारी गराइन्छ । साथै खेलकुद क्षेत्रको विकास गर्न आगामी दिनमा पनि नगरपालिकाले यस्ता कार्यक्रमहरु आयोजना गर्ने जानकारी समेत गराइन्छ ।

इनरुवा नगरपालिका क्षेत्रमा खेलकुदको विकास गर्न र नगर क्षेत्र भित्र आयोजना हुने खेलकुद सम्बन्धि कुनै पनि कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गर्न यस इनरुवा नगरपालिकाको तेस्रो नगर सभाले नगर प्रमुख ज्युको अध्यक्षतामा "नगर स्तरीय खेलकुद संचालन तथा व्यवस्थापन समिति" गठन गरेको छ ।

यसै सन्दर्भमा हाल विभिन्न व्यक्ति, समुह तथा संस्थाहरुले यस नगर क्षेत्र भित्र खेलकुद कार्यक्रम आयोजना गर्न नगरपालिकामा प्रस्ताव पेश गरि ठुलो रकम माग गर्ने गरेको पाइएको छ । यसरी व्यक्तिगत रुपमा छुट्टा छुटै कार्यक्रमहरु आयोजना गर्दा व्यवस्थित रुपमा कार्यक्रम संचालन गर्न कठिनाई हुनको साथै ठुलो धनरासी समेत लगानी हुने देखिन्छ ।

अत: यस इनरुवा नगरपालिका क्षेत्र भित्र खेलकुद सम्बन्धि कुनै पनि कार्यक्रम संचालन गर्नु पुर्व नगर स्तरीय खेलकुद संचालन तथा व्यवस्थापन समितिबाट स्वीकृत गराई नगरपालिका समेत आयोजक रुपमा रहने गरि कार्यक्रम संचालन गर्नु गराउनु हुन् सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै समितिको स्वीकृति बिना आयोजना भएको कार्यक्रमहरुलाई नगरपालिकाले कुनै किसिमको सहयोग उपलब्ध नगराउने व्यहोरा समेत जानकारी गराइन्छ ।

प्रमुख प्रशासकीय अधिकृत